केशव प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

**कार्यपालिका बैठक संख्या :- ६५**
**बैठक मिति :- २०७६।०७।२२**

**निर्णय नं. १**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार काठमाण्डौंको मिति २०७६।०४।१३ च.नं. १४४ को पत्र तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौंको मिति २०७६।०६।३० च.नं. १४४२ को पत्रबाट समायोजन भई आएका कर्मचारीहरुलाई सोही तह र पदनाम कायम राखी हाजिर गराई कामकाजमा खटाउने भन्ने प्राप्त पत्रानुसार यस उपमहानगरपालिकामा स्वास्थ्य तर्फ दरबन्दी भन्दा बढी कर्मचारी समायोजन गरी पठाएकोमा देहायका पदहरु सृजना गरी आगामी नगरसभाबाट अनुमोदन हुने गरी हाजिर हुन आएका कर्मचारीहरुलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौंको २०७६।०६।३० को पत्रमा उल्लेख भए बमोजिम रमाना लिई हाजिर हुन आएका कर्मचारीहरुलाई नगरप्रमुखज्यूको आदेशानुसार ठाडो हाजिर भएका निम्न बमोजिमका कर्मचारीहरुको ठाडो हाजिरीमा उपस्थित भएकै मिति देखि हाजिर कायम गरी कामकाजमा खटाउने र तलब भत्ताको हकमा संघीय सरकारसँग माग गर्ने निर्णय गरियो ।

**देहाय**

| क्र.सं. | पद | तह | समुह | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | हे.अ./सि.अ.हे.ब. | ६ | हे.ई. | ५ | |
| २ | सि.अ.न.मी. | ५ | क.न. | १ | |
| ३ | अ.न.मी. | ४ | क.न. | ४ | |
| ४ | अ.हे.ब. | ४ | हे.ई. | १ | |

**निर्णय नं. २**

यस उपमहानगरपालिकाको आ.ब. २०७६।०७७ का लागि समपुरक अनुदानबाट संचालन हुने गरी स्वीकृत भएका योजनाहरु मध्ये संघीय सरकारको संशोधित समपुरक अनुदान निर्देशिका तथा प्रदेश सरकारको समपुरक अनुदान निर्देशिका बमोजिम समपुरक अनुदानबाट चालु आ.ब.मा संचालन गरिने योजना मध्ये कार्यपालिकाको मिति २०७६।०५।१७ र २०७६।०७।०५ को निर्णयबाट समपुरक अनुदानबाट संचालन गरिने गरी सिफारीस सहित स्वीकृतीका लागि पठाईएका योजना बाहेक अन्य योजनाहरुको हकमा वडाबाट सिफारीस भई आएमा उपमहानगरपालिकाको तर्फबाट व्यहोर्ने रकमको मात्र सम्झौता गरी योजना संचालन गर्ने र बाँकी योजनाको हकमा पछि रकम प्राप्त भई आएमा सम्झौता गरी योजना संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

योजना संचालन कार्यविधि, २०७५ र करारमा कर्मचारी (प्राविधिक, सवारी चालक, माली, चौकिदार, बनपाले, कुचिकार र कार्यालय सहयोगी) व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ संसोधनका लागि कानून मस्यौदा समितिमा पठाउने निर्णय गरियो ।

केशव प्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
प्रदेश नं.१, सुनसरी, नेपाल
स्था. २०७३

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिका वडा नं. २ मा रहेको आयुर्वेद औषधालयको भवन मर्मत तथा रंगरोगनका लागि ल.ई. तयार गरी ल.ई. अनुसारको कार्य भैपरी आउने पूँजिगत शिर्षकबाट खर्च गर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

पुराना हाउजिङ्ग कम्पनीहरुबाट जग्गा प्लटिङ्ग भई कित्ता कांट हुन बाँकी रहेका जग्गाहरुको हकमा वडा कार्यालयको सिफारीस सर्जमिनका आधारमा जग्गा कित्ता कांटको लागि सिफारीस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस उपमहानगरपालिका, नगर कार्यपालिकाको मिति २०७४।१२।२८ गते बसेको बैठक निर्णय नं. १२ अनुसार र मिति २०७५।०५।०९ गते बसेको बैठक निर्णय नं. १३(क) बमोजिम गठित सरकारी, सार्वजनिक, ऐलानी तथा पर्ति जग्गा पहिचान गरी सो को संरक्षणका लागि वडा नं. १३ का वडाध्यक्ष श्री शिव नारायण चौधरीको संयोजकत्वमा गठित समितिका सदस्यमा देहायका सदस्यहरुलाई थप गर्ने निर्णय गरियो ।

**देहाय**

१. सदस्य :- श्री तेज नारायण चौधरी, वडा सदस्य, इटहरी १६

२. सदस्य :- श्री शान्तिराम गौतम, वडा सदस्य, इटहरी ४

३. सदस्य :- श्री सन्तोष पराजुली, वडा सदस्य, इटहरी ५

४. सदस्य :- श्री भगत बिष्ट, सर्भेक्षक

**निर्णय नं. ७**

इटहरी उपमहानगरपालिकाबाट गठित सडकको क्षेत्राधिकार (Right of Way) निर्धारण समिति तथा उपमहानगरपालिका भएर बग्ने नदिको अधिकार क्षेत्र (Right of way) निर्धारण समितिको म्याद २०७६ मंसिर मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

सव डिभिजन बन कार्यालय, पाँचकन्या धरानको मिति २०७६।०७।१९ च.नं. ३२ को विवरण माग सम्बन्धमा कानूनी सल्लाहाकारको राय लिई जवाफ सहित विवरण पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९**

नगरप्रमुखज्यूबाट विभिन्न मितिमा भएका देहायका निर्णयहरु अनुमोदन गरियो ।

(क) एफ.एम.रेडियोहरुको सम्झौता अनुमोदन

(ख) छैट पुजा समितिलाई भुक्तानी दिएको रकम रु.२५,०००।-

**निर्णय नं. १०**

कार्यालयका मुद्दाहरुमा राखेको वारिसका सम्बन्धमा उच्च अदालत विराटनगर र जिल्ला अदालत सुनसरीमा तारेख लिन जानेलाई अलग/अलग तारेखको आधारमा प्रतिदिन रु.१,०००।- (एक हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

मिति २०७६।०८।०९ देखि मिति २०७६।०८।१७ गते सम्म हुने लैगिंक हिंसा विरुद्धको अभियान कार्यक्रमको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

चालु आ.ब. २०७६/०७७ मा स्वीकृत बजेट तथा योजना कार्यक्रम बमोजिम नगर सभाबाट स्वीकृत वडास्तरीय योजना कार्यक्रमहरुलाई वडाको सिफारीस माग बमोजिम देहायको योजना कार्यक्रम संसोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र. सं. | स्वीकृत भएको योजनाको नाम | साविक स्वीकृत रकम | वडा नं. | संसोधन हुनेपर्ने योजनाहरू | संसोधित रकम |
|---|---|---|---|---|---|
| १ | सिपमुलक तालिम | १,२५,०००। | १४ | सिपमुलक तालिम | १,००,०००। |
| | | | १४ | सडक बत्ती जडान मर्मत | २५,०००। |
| २ | विपद् व्यवस्थापन | ५०,०००। | २ | ग्राभेल मर्मत (बाढीबाट क्षतिग्रस्त सडक) | ५०,०००। |

**निर्णय नं. १३**

आ.ब. २०७६।०७७ को नगरसभाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेटको आन्तरिक श्रोत तर्फ युवा, खेलकुद विकास कार्यक्रम अन्तर्गत बुंदा नं. ३ मा विभिन्न खेलकुद प्रतियोगिता संचालनको लागि व्यवस्थापन सहयोग वापत रु.१२,००,०००। (बाह्र लाख) बिनियोजन भएकोमा उक्त रकम २० वटै वडा कार्यालयहरुलाई खेल सामाग्री खरिदका लागि प्रति वडा रु.६०,०००। (साठी हजार) का दरले र बुंदा नं. ४ विभिन्न खेलकुद कार्य संचालनका लागि सहयोग वापत रु.१८,४०,०००। (अठार लाख चालीस हजार) मध्ये २० वटै वडा कार्यालयहरुलाई वडास्तरीय प्रतियोगिता संचालनका लागि प्रति वडा रु.७५,०००। (पचहत्तर हजार) का दरले बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

आ.ब. २०७६।०७७ को नगरसभाबाट स्वीकृत नीति, कार्यक्रम तथा बजेट अनुसुची ४ शिर्षक नं. २२३१३ मा पुस्तक तथा सामाग्री खरिदमा बिनियोजन भएको रु.२,२०,०००। (दुई लाख बीस हजार) मध्ये रु. १,००,०००। (एक लाख) पुस्तकालयको पुस्तक खरिदका लागि बिनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस उपमहानगरपालिकाको स्वीकृत योजनामा बाहेक अन्य भैपरी आउने कार्य गर्दा मेसिनरी (स्काभेटर, टिपर, ट्याक्टर) मा लाग्ने इन्धन खर्च वापतको रकम कार्यालय इन्धन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

देहाय बमोजिमका योजनाहरुको म्याद थप तथा क्रमागत योजनाका लागि भुक्तानी गर्न बिनियोजन भएको खर्च शिर्षकबाट भुक्तानी गर्ने गरी भुक्तानी दायित्व स्वीकृत गर्ने निर्णय गरियो ।

**१. म्याद थप गर्ने योजनाहरु**

| क्र. | योजनाको नाम र | सम्झौता मिति | सम्पन्न गर्नु | म्याद थप | बिनियोजित | कैफियत |
|---|---|---|---|---|---|---|

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी, नेपाल
प्रदेश नं.१ सुनसरी,
स्था. २०७३

| सं. | ठेगाना | | पर्ने मिति | भएको मिति | बजेट | |
|---|---|---|---|---|---|---|
| १ | कल्भेट निर्माण आवादी टोल, इटहरी १५ | २०७५।१२।१३ | २०७६।०३।१० | २०७६।०९।२० | १०,००,०००। | |

२. गत आ.ब.को भुक्तानी गर्ने योजनाहरु

| क्र. सं. | योजनाको नाम | सम्झौता मिति | सम्पन्न मिति | न.पा.को कुल अनुदान (रु.) | भुक्तानी हुन बाँकी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बौद्ध मार्ग शान्ति सृजना स्कुल जाने बाटो प्रोटेक्शन वाल र ग्रावेल, इटहरी १४ | २०७६।०२।०८ | २०७६।०३।२२ | १५,००,०००। | ७,३९,८८०।९७ | |
| २ | वडा नं. १७ को सिमाना देखि उत्तर लोकतान्त्रिक मार्ग ड्रेन तथा ग्रावेल, इटहरी १८ | २०७५।११।२६ | २०७६।०२।२५ | २,००,०००। | ३३,४०१।६७ | |

**निर्णय नं. १७**

स्थानीय पूर्वाधार विकास अन्तर्गत झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम शिर्षक अन्तर्गत यस उपमहानगरपालिकामा पशुपति ट्रस पुल र बुढी खोला (D.V.M. स्कुल छेउ) मा झोलुङ्गे पुललाई बजेट अख्तियारी आएकोमा बुढी खोला (D.V.M. स्कुल छेउ) को स्थलमा छिमेकी सुन्दरहरैचा न.पा.मा लालीगुराँस रिहाम झोलुङ्गे पुल भनी अख्तियारी आएको र सो ठाउँको गैर सरकारी संस्था परिवर्तन नेपालले डि.पि.आर. तयार पारी सुन्दरहरैचामा पेश गरेको देखिएको हुनाले उक्त ठाउँमा दोहोरो बजेट पर्न गएको भनी प्रतिबेदन प्राप्त भई आएको हुँदा उक्त अख्तियारी संसोधन गरी पशुपति ट्रस पुल इटहरी १३ का लागि मात्र संशोधनका लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १८**

इटहरी उपमहानगरपालिकाको मुख्य चौकमा रहेको रेलिङ्ग(ग्रीनवेल्ट) विज्ञापन ठेक्का चालु आ ब को कार्तिक मसान्तमा ठेक्का समाप्त भएको अवस्थामा आगामी मंसिर महिनादेखि ठेक्का लगाउन सूचना प्रकाशित गर्नुपर्ने भएकोले अघिल्लो आ ब को कबोल अंक रु १२,१२०००। रहेकोमा चालु आ ब को लागी ठेक्का को न्युनतम अंक रु १३,३३,२००। (तेह्रलाख तेतिस हजार दुइसय अर्थात अघिल्लो कबोल अंकमा १० प्रतिशत वृद्धी गरी (३) तिन वर्षको लागी ठेक्का लागाउनका लागी कार्यालयलाई अधिकार दिने निर्णय गरियो।

**निर्णय नं १९**

साप्ताहिक सोमवारे हाट पकली इटहरी-१७ र साप्ताहिक सोमवारे र सुक्रवारेहाट पचरुखी इटहरी-५ को ठेक्का तेस्रो पटक सूचना प्रकाशित गर्दापनी ठेक्का संझौता हुन नसकेकोले साविक न्युनतम अंकलाइ घटाइ देहाय अनुसारको ठेक्काको देहाय अनुसारको न्युनतम अंक राखि पुन सुचना प्रकाशित गर्नकालागी कार्यालयलाई अधिकार दिने निर्णय गरियो ।

तपसिल

| क स | ठेक्का को नाम | साविक न्युनतम अंक | हालको सिफारिस भएको न्यूनतम अंक |
| --- | --- | --- | --- |
| १. | साप्ताहिक सोमवारेहाट पकली इटहरी -१७ | ३८८९११। | ३,०१,०००। |
| २. | साप्ताहिक सोमवारे र सुक्रवारेहाट पचरुखी इटहरी-५ | ३७२५५६। | ३,०१,०००। |

**निर्णय नं. २०**

इटहरी उपमहानगरपालिका वडा नं ९ आइतवारे बुधवारेहाटमा रहेको ३४ वटा कोठाको सटर भाडा ठेक्का लगाउन न्युनतम अंक रु २१,४२,०००। मा मिति २०७६।७।१ गते सूचना प्रकाशित गरिएकोमा मिति २०७६।७।१७ गते १२.०० वजे सम्म पेश भइ आएको वोलपत्र मध्ये सबै भन्दा कम अंक कबोल गर्ने सुनिल कन्स्ट्रक्सन सुन्दरहरैंचा-१ ले पेश गरेको बोलपत्रमा रु २१,४३,३३३। कबोल गरिएको तथा यस उपमहानगर पालिकाको मुल्यांकन समितिको निर्णय अनुसार सुनिल कन्स्ट्रक्सनले कबोल गरेको रु २१,४३,३३३। एक्काइस लाख त्रिचालिस हजार तिनसय तेतिस रुपयाँ सारभुत रुपमा प्रभावग्राहि भएकोले निर्णयका लागि सिफारीस भई आएकोले सोहि फर्मलाई ठेक्का संभौता गर्न कार्यालयलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. २१**

इटहरी उपमहानगरपालिकाको आ ब ०७६।०७७ को आन्तरिक आय संकलनगर्न देहाय बमोजिमका हाटियाहरु र सौचालयलाई ठेक्का व्यवस्थापन गर्न तेस्रो पटक सूचना प्रकाशन गर्दा पनी कसैको पनी दरभाउपत्र पेश हुन नआएको यस उपमहानगरपालिका नगरकार्यपालिकाले निर्णय गरि ठेक्काका न्यूनतम अंक घटाइ पुन सूचना प्रकाशित गर्दा कोहिपनी बोलपत्र दाताले बोलपत्र पेश नगरेकोले पटक पटक सूचान प्रकाशीत गर्दा कार्यालयलाई पर्ने आर्थीक भार बढी पर्ने भएकोले आउने असार मसान्त सम्मको लागी सम्बन्धीत वडाकार्यालयले हटिया सौचालय कर अमानतमा उठाउन अधिकार दिने निर्णय गरियो ।

| क्र. सं. | विवरण | अमानतवाट कर उठाउने वडा कार्यालय |
| --- | --- | --- |
| १ | साप्ताहिक पुराणचौक सनिवारेहाट इटहरी-३ | वडा नं ३ वडाकार्यालय |
| २ | हवाइचोक सुकवारे हाटकर इटहरी-२ | वडा नं २ वडाकार्यालय |
| ३ | एकम्बा आइतवारेहाट इटहरी-१५,१६ | वडा नं १५ र १६ वडाकार्यालय |
| ४ | सार्वजानीक शौचालय इटहरी बसपार्क | वडा नं ९ वडाकार्यालय |
| ५ | सार्वजनिक शौचालय आइतवारे बुधबारेहाट इटहरी-९ | वडा नं ९ वडाकार्यालय |

**निर्णय नं. २२**

इटहरी उपमहानगरपालिकाको आ.ब. २०७६।०७७ को आन्तरिक आय संकलन गर्न प्रकाशित सूचना अनुसार साप्ताहिक शनिबारे हाट खनार इटहरी ११,१२ ठेक्का नं. ४ र दैनिक गुद्रीहाट बुधबारे सोमबारेहाट इटहरी १२ को लागि सम्भौता गर्न न्यू कोशी कन्स्ट्रक्सन र छिन्ताङ्ग देवी कन्स्ट्रक्सन इटहरी ६ लाई मिति २०७६।०७।२६ गते सम्म अन्तिम पटकका लागि म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

यस उपमहानगरपालिकाको रेलिङ्ग (ग्रिनबेल्ट) को विज्ञापन रकम असुली आकृति एडभरटाईजिङ्गसँग सम्झौता भएको र उक्त ठेक्काको अवधि यहि कार्तिक मसान्त सम्ममा रहेको छ । उक्त ठेक्का सम्झौताका बखत उक्त फर्मले रु.३,००,०००।- पहिलो किस्ता वापत बुझाएको र बाँकी रकम ९,१२,०००।- नबुझाएकोले त्यस बाँकी किस्तामा १०% व्याज सहित असुल गर्ने र समयमा रकम नबुझाएमा उक्त रकम त्यस फर्मको नाममा रहेको बैंक ग्यारेण्टीबाट जफत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

यस उपमहानगरपालिका अर्न्तगत एकम्बा स्वास्थ्य चौकीमा कार्यरत सि.अ.हे.व.छैटौं तह श्री उपेन्द्र कुमार साह को निवेदन माग बमोजिम निज लाई यस उपमहानगरपालिका अर्न्तगत सरुवा सहमति दिने निर्णय गरियो ।

**निर्णय नं. २५**

इटहरी उपमहानगरपालिका, इटहरी अस्पताल, रोटरी अफ इटहरी गरी त्रिपक्षयी सम्झौता अनुसार इटहरी अस्पतालका लागि तीन थान डायलिसिस मेसिन खरिद तथा जडानका लागि लाग्ने रकम मध्ये रु.१६,००,०००।- (सोह्र लाख) मेसिनरी औजार तथा उपकरण खर्च शिर्षकबाट खर्च गरी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

**निर्णय नं. २६**

शिव नारायण टोल पूर्व तर्फ खोलामा स्पर निर्माण इटहरी १० को लागि रु.१५,७०,०००। (पन्ध्र लाख सत्तरी हजार) भैपरी आउने पूँजिगत खर्च शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।